पाल्ही नन्दन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुश्मा, नवलपरासी
५ नं. प्रदेश, नेपाल

च.न.
प.सं. : ०७४।७५

मिति :२०७५/०३ /२४

**बिषय : सूचना ! सूचना !! सूचना !!!**

**श्री सबैको जानकारीको लागी ।**

उपरोक्त सम्बन्धमा यस पाल्ही नन्दन गाउँपालिका वडा नं. १ साबिक रमपुरवा गा.वि.स.अन्तर्गतको **महेशपुर बस पार्कको पटके सवारी कर उठाउने आय ठेक्का–१ को**, ठेक्काकोलागी भएको गाउँ कार्यपालिकाको मिति २०७५।०३।१८ गतेको निर्णय अनुसार आ.व.०७५।०७६ वर्ष १को लागी ठेक्काको बन्दोबस्त गर्नु पर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक महानुभावहरुले आउदो मिति २०७५।०३।३१ गते आइतबारका दिन दिउँसो १:३० बजे देखि ४:३० बजे सम्ममा यस पाल्ही नन्दन गाउँपालिकाको कार्यालय बेलाशपुर कुश्मामा उपस्थित भै निम्न शर्तहरुको परिधि भित्र रही डाक बढा बढा गरी ठेक्का लिन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१) डाक बढाबढ गर्ने व्यक्ति स्वदेशी भए आफुले कबोल गरेको अंकको १० प्रतिशत र बिदेशी भए आफुले कबोल गरेको अंकको २० प्रतिशत अग्रीम धरौटी राखी मात्र डाक बोल्न पाइने छ ।

२) २० हजार भन्दा फरक रकम अन्तर राखी डाक बोल्न पाईने छैन् ।

३) पटके सवारी करको दर रेट सूची पाल्ही नन्दन गाउँपालिकाको कार्यालय बेलाशपुर कुश्मामा हेर्न सकिने छ ।

४) ठेक्काको बोल कबोल गर्नेहरुले ठेक्काको बोली लगाउनु अगावै असुली दररेट र शर्तहरु अनिवार्य रुपमा हेरी मात्र डाक बढाबढ गर्नु पर्ने छ र अन्य केही कुरा बुझ्नु परेमा पाल्ही नन्दन गाउँपालिकाको कार्यालय बेलाशपुर कुश्मामा बुझ्न सकिने छ ।

५) ठेक्का सदर भएको मितिले ७ दिन भित्र प्रथम बोलीवालाले कबोल गरेको सम्पूर्ण रकम एकमुष्ठ दाखिला गरी पट्टा चलान पुर्जी उठाई सक्नु पर्नेछ ,एकमुष्ठ रकम बुझाउदा ५% छुट दिईने छ । पट्टा चला पुर्जी उठाउन नसके निजको धरौटी जफत हुने छ ।

६) प्रथम बोलीवालाले तोकेको म्याद भित्र पट्टा उठाउन नसके थप ५ दिन भित्र दोश्रो बोलीवालाले कबोल गरेको सर्म्पूण रकम एकमुष्ठ दाखिला गरी पट्टा चलान पुर्जी उठाई सक्नु पर्ने छ ,अन्यथा निजको पनि धरौटी जफत हुने छ ।

७) दोश्रो बोलीवालाले पनि पट्टा उठाउन नसके पुन: सूचना प्रकाशित गरी डाक बढाबढ द्वारा ठेक्का पट्टा गरिने छ ।

८) ठेक्काको आयकर ठेकेदार आफैले बुझाउनु पर्ने छ ।

९) ठेकेदारले नेपाल सरकार तथा गाउँपालिकाको निति निर्देशनको पालना गर्नु पर्ने छ ।

१०) ठेक्का अवधि आ.ब.०७५।०७६बर्ष १कोलागी पट्टा उठेको मिति देखि शुरु भई २०७६ असार मसान्त सम्म हुने छ ।

११) ठेक्का सदर गर्ने नगर्ने अधिकार पाल्ही नन्दन गाउँपालिकामा सुरक्षित रहने छ ।

१२) पटके सवारी करको दर रेट सूची ठेकेदारले सबैले देख्ने ठाउँमा अनिवार्य रुपले राख्नु पर्ने छ ।

१३) ठेकेदारले अनियमित कर रकम उठाएमा ठेकेदार स्वयं जवाफदेही हुनुपर्ने छ र ठेक्का सम्झौता बिपरित काम गरेमा जुनसुकै बेला पनि ठेक्का बदर गर्न सकिने छ ।

१४) पटके सवारी कर ठेक्काको गाउँपालिका बाट निर्धारित् न्युनतम् अंक रु.२,००,०००। दुई लाख मात्र देखी डाक बोली शुरु हुने छ ।

२०७५।३।२४

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत